# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या २९ स्थानीय राजपत्र भाग १ मिति २०७५।११।०२


# घोराही नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन- २०७५

**प्रस्तावना**

घोराही उप-महानगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बााट सर्वसाधारणको जीउ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२६ उपधारा (१) को अधिकार प्रयोग गरी घोराही उप-महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम 'घोराही नगर विपद् जोखिम न्यूनीकरण तथा

समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगर प्रमुख, घोराही उप-महानगरपालिका- संयोजक

(ख) नगर उप-प्रमुख, घोराही उप-महानगरपालिका- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, घोराही उप-महानगरपालिका- सदस्य

(घ) संयोजक सरसफाइ, वातावरण तथा विपद् व्यवस्थापन समिति- सदस्य

(ङ) संयोजकहरु, विषयगत समितिका संयोजकहरू- सदस्य

(च) सदस्यहरू सरसफाइ, वातावरण तथा विपद् व्यवस्थापन समिति- सदस्य

(छ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय- सदस्य

(ज) प्रमुख, सामाजिक महाशाखारशाखा- सदस्य

(झ) प्रमुख, पूर्वाधार विकास महाशाखारशाखा- सदस्य

(ञ) प्रमुख- आर्थिक प्रशासन महाशाखा घोराही उ.म.न.पा. सदस्य

(ट) प्रमुख वा प्रतिनिधि घोराही उप-महानगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकाय- सदस्य

(ठ) प्रमुख वा प्रतिनिधि घोराही उप-महानगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालय- सदस्य

(ड) प्रमुख नगर प्रहरी- सदस्य

(ढ) प्रमुख वा प्रतिनिधि राष्ट्रिय मान्यता प्राप्त दलका उप-नगरपालिका स्थित- सदस्य

(ण) स्थानीय प्रतिनिधि नेपाल रेडक्रस सोसाइटी (१ जना)- सदस्य

(त) अध्यक्ष वा तोकेको प्रतिनिधि निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको उप-महानगर तहको (१ जना)- सदस्य

(थ) स्थानीय प्रतिनिधि गैरसरकारी सस्था महासंघकाका (१ जना)- सदस्य

(द) स्थानीय प्रतिनिधि नेपाल पत्रकार महासंघको (१ जना)- सदस्य

(ध) शाखा अधिकृत विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख -सदस्य-सचिव

